# गौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# गौर,रौतहट

## विनियोजन ऐन,२०७७

प्रमाणीकरण मिति २०७७/०३/१०

# गौर नगरपालिकाको विनियोजन ऐन,२०७७

गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट
प्रदेश २, नेपाल

**प्रमाणीकरण मितिः-२०७७/०३/१०**

**प्रस्तावनाः** गौर नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गौर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गौर नगरपालिकाको विनियोजन ऐन,२०७७" रहेको छ ।

(२) **यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

**२. आर्थिक वर्ष २०७७/०७८ को निमित सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित गौर नगरपालिकाको,नगर कार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित अनुसूची १ मा उल्लेखित चालु खर्च,पूँजिगत खर्च र वितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४८,३६,९६,०८३/- (अक्षरेपी अड्चालिस करोड छतिस लाख छयानब्बे हजार त्रियासी रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

सुमन कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत

अजय कुमार गुप्ता
नगर प्रमुख
गौर नगरपालिका,रौतहट

गौर नगरपालिकाको कार्यपालिका गौर, रौतहट प्रदेश नं. २, नेपाल

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित गौर नगरपालिकाको नगर कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका कार्यालय,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(३) पूँजिगत खर्च र वितिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याँज भुक्तानी शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वितिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याँज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वितिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै शिर्षकमा छुट्याईएको योजना वा कार्यक्रमको रकम कुनै कारणले गर्दा त्यस्तो योजना वा कार्यक्रम संचालन वा कार्यान्वयन हुन नसकेमा वा हुन नसक्ने अवस्था भएमा वा

सुमन कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत

अजय कुमार गुप्ता
नगर प्रमुख
गौर नगरपालिका, रौतहट

नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट
प्रवेश नं. २.

अन्य निकायबाट त्यस्तो योजना वा कार्यक्रम स्वीकृत भई संचालन हुने भई खर्च नहुने भएमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो शिर्षकमा छुट्याईएको योजना वा कार्यक्रमको रकम अर्को शिर्षकको योजना वा कार्यक्रममा वा नगर कार्यपालिकाले आवश्यक ठानेको कुनै नयाँ शिर्षकगत योजना वा कार्यक्रममा आंशिक वा सम्पूर्ण रुपमा रकमान्तर गर्ने तथा निकासा र खर्च जनाउन सक्नेछ ।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख
गौर नगरपालिका, रौतहट

गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट
प्रदेश नं. २. नेपाल

# अनुसूची-१

## (दफा २) सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | नगर कार्यपालिका | १४,३१,०४,७८०/- | ९,६०,९१,३०३/- | ० | २३,९१,९६,०८३/- |
| २. | | वडा समिति | १,१७,६१,०००/- | ३,१६,३९,०००/- | ० | ४,३४,००,०००/- |
| ३. | | विषयगत शाखा | १६,२७,५०,०००/- | ३,३८,५०,०००/- | ० | १९,६६,००,०००/- |
| ४. | | ऋणको साँवा व्याँज भुक्तानी | ० | ० | ४५,००,०००/- | ४५,००,०००/- |
| ५. | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | कूल जम्माः- | ३१,७६,१५,७८०/- | १६,१५,८०,३०३/ | ४५,००,०००/- | ४८,३६,९६,०८३/- |

... कुमार कार्की
... प्रशासकिय अधिकृत

अजय कुमार गुप्ता
नगर प्रमुख
गौर नगरपालिका, रौतहट